पनौती नगरपालिका

सूचनाको हक सम्बन्धि ऐनको दफा ५(३) संग सम्बन्धित

२०७७.०७८(बैशाख -असार)

१. निकायको स्वरुप र प्रकृति

- पनौती नगरपालिका नेपालको राजधानी काठमाण्डौ देखि दक्षिणपुर्वतर्फ ३२ कि.मिकोदुरीमा पर्दछ । बि.सं २०७३ फागुन २७ मा पनौती नगरपालिका साविकको अवस्थाबाट पुर्नसंरचित भई बि.स. २०५३ माघ ११ मा एकिकृत भएका पनौती, खोपासी,मल्पी,टौखालदेवीस्थान,सुन्थान सारदा र सुब्बागाउँ, रयाले, कुशादेवी,कलाँती भुमिडाँडा र बल्थली गाविसका पुरै भाग लगायत शारदा बतासेको वडा नं. ३,४ र ९ एवं शंखुपाटीचौर गाविसको वडा नं.४ समावेश भई विविधतायुक्त बृहत स्थानीय तहका रुपमा पनौती नगरपालिकाको गठन भएको छ । प्राकृतिक सम्पदा एवं पुरातात्विक दृष्टिले महत्वपूर्ण यस नगरपालिका विश्व सम्पदा सूचीमा सुचिकृत गर्नको लागि प्रस्तावित छ । मठमन्दिर एबं पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण प्राचीन पनौती शहर वि.स. १८२० साल कार्तिक १० गते पृथ्वीनारायण शाहको विजय अभियानसंगै नेपाल राज्यमा एकीकरण भएको थियो ।

- सिमाना
  - **पुर्व**:धुलिखेल नगरपालिका
  - **पश्चिम**:ललितपुर जिल्ला र भक्तपुर जिल्ला
  - **उत्तर**:बनेपा नगरपालिका र भक्तपुर जिल्ला
  - **दक्षिण**:बेथानचोक गाउँपालिका र ललितपुर जिल्ला

२. निकायको काम, कर्तव्य र अधिकार

- नेपालको संबिधान लगायत स्थानीय सरकार संचालन ऐन २०७४ ले व्यवस्था गरे बमोजिमका कामहरु सोहि अनुसार तोकिएको कर्तव्य तथा अधिकारहरू ।

३. निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

- १८१(नवौं नगर सभाबाट) जनाको कूल दरबन्दी स्वीकृत भई काम गर्दै आएकोमा
  - नगरपालिका तर्फ स्थायी : ४६
  - निजामती तर्फबाट : १६
  - अस्थायी/करार :६८
  - रिक्त दरबन्दी : ५१

४. निकायबाट प्रदान गरिने सेवा

- स्थानीय सरकार संचालन ऐन २०७४ ले तोके अनुसारका विकास निर्माण,सिफारिश,कर दस्तुर संकलन लगायतका अन्य कार्य तथा सेवाहरु

५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी



इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय काभ्रेपलाञ्चोक बागमती प्रदेश नेपाल २०७३

- नगरकार्यपालिकाबाट नगर कार्यपालिका कार्य विभाजन नियमावली स्वीकृत गरि स्थानीय राजपत्र प्रकाशन भएको/उक्त राजपत्रमा विषयगत शाखाहरुको व्यवस्था सहित शाखागत कार्यविवरणको स्पष्ट व्यवस्था भएको र सोहि व्यवस्थाको अधिनमा रही शखागत जिम्मेवारी तोकी सो अनुसारको कार्यसम्पादन हुँदै आएको छ ।

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि

- नागरिक वडापत्र प्रत्येक वडामा राखिएको र सोको विवरण Website मा समेत अध्यावधिक गरिएको छ ।

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी

- वार्षिक कार्यक्रम तथा बजेट नगरसभाले स्वीकृत गर्ने गरेको ।
- नगरसभाबाटसैद्वान्तिक रुपमा स्वीकृत बजेट तथा कार्यक्रम विस्तृत रुपमा नगरकार्यपालिका बैठकले स्वीकृत गर्ने गरेको ।
- स्वीकृत कार्यक्रमको कतिपय अंशहरु थप निर्णय हुनुपर्दा नगरप्रमुखको निर्णयानुसार हुने गरेको ।
- कतिपय स्वीकृत कार्यक्रमहरु शाखागत उठानका आधारमा प्रमुख प्रशासकीय अधिकृतबाट निर्णय हुने गरेको।

## ८. गुनासो सुन्ने अधिकारी

- वरिष्ठ प्रशासकीय अधिकृत इन्द्र प्रसाद अधिकारीलाई तोकिएको।

## ९. सम्पादन गरेको कामको विवरण

- <u>प्रशासन तर्फ</u> :
  - ❖ पनौती नगर कार्यपालिकाको विभिन्न मितिमा भएको बोर्ड बैठकवाट भएका निर्णयहरु कार्यान्वयनका लागि सम्बन्धीत शाखा, कार्यालय र तालुक मन्त्रालयमा पत्राचार गरिएको ।
  - ❖ यस अवधिमा कार्यपालिकाको ९ वटा बैठक सम्पन्न ।
    - ✓ यस अवधिका महत्वपूर्ण निर्णयहरु :
      - ➢ मकर मेला केन्द्रीत बिभिन्न योजना स्वीकृत ।
      - ➢ कोभीट संक्रमण र नियन्त्रण सम्बन्धमा ।
      - ➢ आ.व. ०७८।७९ को बार्षिक बजेट, निति तथा कार्यक्रम सम्बन्धमा ।
      - ➢ सडक मापदण्ड संशोधन गरी अद्यावधिक रुपले प्रकाशन गर्ने ।
      - ➢ स्वास्थ्य संस्था र खेल मैदानको जग्गा खरिदका लागि सैद्धान्तिक सहमति ।
      - ➢ लुभु लामाटार, कुशादेवी पनौती, दाहालटार सडक सम्बन्धमा ।
      - ➢ योजनाको फरफारकका लागि पेश हुन आएका योजनाहरुको फरफारक अनुमोदन गरि बाँकी रकम सम्बन्धित उपभोक्ता समितिलाई भुक्तानी दिने ।
      - ➢ पनौती बनेपा सडक खण्डको बिचारी पाटी खोल्सामा बाल तथा कल्भर्ट निर्माण गर्ने सम्बन्धमा
      - ➢ वडा नं. ८ को कार्यालय हाता भित्र आधारभूत स्वास्थ्य सेवा संचालन गर्ने ।
      - ➢ खारखोला पुल संरक्षणका लागि बजेट व्यवस्था गर्ने ।
      - ➢ बालमैत्री इकाई गठन गर्ने ।
      - ➢ सामाजिक सुरक्षा भत्ता बैकिङ प्रणाली मार्फत वितरण गर्ने सम्बन्धी ।
      - ➢ कोरोना भाईरसका कारण नगर क्षेत्र शील गर्ने सम्बन्धी ।
      - ➢ सम्पन्न योजनाको भुक्तानीलाई सहज बनाउने सम्बन्धमा ।
      - ➢ एम्बुलेन्स सहयोग स्वरुप प्राप्त भएकोमा पहलकर्ता र सहयोगी दातालाई धन्यवाद सम्बन्धी ।



इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रेपलाञ्चोक बागमती प्रदेश नेपाल
२०७३

- ➢ नवौ नगर सभाको बैठक आव्हान सम्बन्धी ।
- ➢ नवौ नगर सभामा कूल रु. १,६५,६६,३५,०००।- बरावरको आय व्यय सहितको बार्षिक बजेट तथा कार्यक्रम पेश गर्ने ।
- ➢ मेलम्ची नगरपालिकालाई विपत्तीपूर्ण अबस्थामा राहत सहयोग रु. १०,००,०००।- उपलब्ध गराउने सम्बन्धी ।
- ➢ यस न.पा. मा कार्यरत कर्मचारीहरु मध्ये थप सुविधा नपाएका ८ जना कर्मचारीहरुलाई थप सुविधा दिने निर्णय गरियो ।
- ➢ कोरोना भाईरसको संक्रमणका कारण "घ" बर्गको निर्माण ब्यवसायी इजाजत-पत्र नवीकरण छुट भएकाहरुलाई १ पटकका लागि नविकरण गर्ने निर्णय गरियो ।

- ❖ कर्मचारीहरु सम्बन्धी दैनिक कामको सम्पूर्ण फाइल अपडेट गरेको ।
- ❖ कर्मचारीहरु सँग सम्बन्धीत प्रशासनीक कार्य सम्पन्न गरिएको ।

- **सूचना प्रविधि तथा संचार तर्फ :**
  - ❖ नगरपालिकामा भएका विभिन्न गतिविधिहरु वेबसाइट,YOU-TUBE,फेसबुक लगायतका सामाजिक संजालमा अद्यावधिक गरिएको ।
  - ❖ ग्रुप एस.एम.एस.प्रणालीहरुलाई निरन्तरता दिईएको।
  - ❖ विभिन्न निकायबाट माग भए बमोजिमका विवरण सोहि अनुसार उपलब्ध गराइएको ।
  - ❖ व्यक्तिगत घटना दर्ता किताबको दस्तावेजीकरण कार्यमा आवश्यक सहयोग तथा सहजिकरण ।
  - ❖ स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन (LISA) मा विवरण अद्यावधिक गरिएको ।

- **आर्थिक प्रशासन तर्फ :**
  - ❖ कुल आम्दानि : ३१,८९,४८,१८९/४१
  - ❖ आन्तरिक राजश्व असुली : ६,४७,४८,६१५/८५
  - ❖ कुल खर्च : १९,५८,६९,३५२/-
  - ❖ राजश्व बाँडफाँड :८,०५,००,५९८/६९

- **स्वास्थ्य तर्फ :**
  - ❖ पनौती नगर अस्पतालका लागि साझा सहकारीसंगको समन्वयमा खोपासी प्राथमिक स्वास्थ्य केन्द्र संगै १६ रोपनी जग्गा ब्यबस्थापन गरि नगरपालिकाको नाममा पास गरि नगर अस्पताल निर्माण कार्य अगाडी बढेको ।
  - ❖ खोपासी पनौती र कुशादेवी बर्थिंग सेन्टरबाट ३८ जनालाई प्रसुती सेवा दिएको र रुका दरले -/३८००. न्यानो झोला र यातायात खर्च उपलब्ध गराइएको ,प्रोत्साहन खर्च।
  - ❖ ५ बर्ष मुनिका बालबालिकाकाहरुलाई बैशाखमा राष्ट्रिय भिटामिन ए अभियान संचालन गरिएको
  - ❖ खोपासी स्वास्थ्य केन्द्रमा ५२ जनालाई रेविज बिरुद्दको खोप लगाइएको
  - ❖ स्वास्थ्य संस्था प्रमुखहरुको मासिक बैठक ३ पटक संचालन गरिएको
  - ❖ महिला स्वास्थ्य स्वयं सेविकाहरुको मासिक प्रतिवेदन बैठक ३० पटक संचालन गरिएको
  - ❖ खोपासी सुन्थान प्राथमिक स्वास्थ्य केन्द्र र कुशादेवी स्वास्थ्य चौकीबाट , २० जनालाइ सुरक्षित गर्भपतन सेवा दिएको



इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रेपलान्चोक बागमती
२०७३

- क्षयरोग कार्यक्रम कोहर्ट विश्लेषण )DOTS Workshop  पटक संचालन गरिएको १ कार्यक्रम (
- कडा रोगहरुको उपचार सहुलियतका लागि १९ जनालाई बिपन्न उपचार सिफारिस  गरिएको
- कडा रोगीहरुलाइ रु जनालाइ उपचार खर्च उपलब्ध २२ दरले -/०००,१० .गराइएको
- रयूकाई आँखा अस्पतालमा ७८ जनाको निशुल्क मोतियाबिन्दु उपचारको व्यवस्था गरिएको
- स्वास्थ्य संस्थाबाट ४५३४४ जनालाइ स्वास्थ्य सेवा दिइएको
- गाउँघर क्लिनिकबाट जनालाइ स्वास्थ्य सेवा दिइएको
- खोप क्लिनिकबाट ५२०७ जनालाइ स्वास्थ्य सेवा दिइएको
- प्रयोगशाला सेवा १४३१ जनालाइ स्वास्थ्य सेवा दिइएको
- महिला स्वास्थ्य स्वयं सेविकाबाट ४६१३७ जनालाइ स्वास्थ्य सेवा दिइएको
- नागरिक आरोग्य केन्द्रमा औषधि वितरण
- विपद ब्यबस्थापन तथा संचालन गरिएको पटक २टिमको बैठक RRT
- स्वास्थ्य संस्थारहरुको मासिक सूचना संकलन बैठक ३ पटक संचालन गरिएको
- पूर्ण खोपको सुनिश्चाततताको लागि नगरपालिकाका सबै वडाहरुमा घर धुरी सर्वेक्षण सम्पन्न गरिएको
- शान्ति जन आदर्श सेवा केन्द्रसंगको समन्वयमा १० वटा स्वास्थ्य संस्था ब्यबस्थापन समितिको अभिमुखीकरण कार्यक्रम संचालन गरिएको तथा बर्थिंग सेन्टरहरुमा कार्यरत स्वास्थ्यकर्मीहरुलाई क्षमता अभिबृदिका लागि अनसाइट कोचिंग संचालन गरिएको
- महिला स्वास्थ्य स्वयं सेविकहरुका लागि पोशाक खर्चमासिक प्रतिवेदन बैठक  ,यातायात खर्च ,संचार खर्च , खर्च वितरण गरिएको
- नवाशिशु तथा बलरोगको एकीकृत ब्यबस्थापन सम्बन्धि अभिमुखीकरण कार्यक्रम संचालन गरिएको
- आधारभूत स्वास्थ्य सेवा केन्द्र कलाती भुमिडाडा स्वास्थ्य चौकी भवन निर्माण/
- कुशादेवी पनौती खोपासी तथा कालाती भुमिडाडा स्वास्थ्य चौकीमा मासिक रुपमा मनोरोग विशेषज्ञबाट मानसिक स्वास्थ्य शिविर संचालन तथा नियमित रुपमा निशुल्क औषधि वितरणको व्यवस्था गरिएको
- COVID-रोकथाम तथा नियन्त्रण कार्यक्रम १७
  - ✓ कोभीड बिरुद्दको खोप अभियान १७ दिनमा २८ पटक संचालन गरिएको
  - ✓ कोभिशिल्ड पहिलो मात्रा  २६२४ जनालाइ लगाइएको
  - ✓ कोभिशिल्ड दोश्रो मात्रा ३९९ जनालाइ लगाइएको
  - ✓ भेरोसिल दोश्रो मात्रा  २३० जनालाइ लगाइएको
  - ✓ भेरोसिल पहिलो मात्रा  १११५ जनालाइ लगाइएको
  - ✓ COVID-(संक्रमित) पोजेटिभ 19 संख्या  १४३५ जना
  - ✓ स्वाब संकलन गरिएका २४९९ जना मध्ये ७९६ जना पोजेटिभ भएको
  - ✓ परिक्षण गरिएको Antigen३५२ जना मध्ये ११३ जना पोजेटिभ भएको
  - ✓ एम्बुलेन्स प्रयोग गर्ने कोभिद बिरामीहरुको संख्या १९४ जना
  - ✓ नगरपालिकाको क्वारेन्टाइनमा बसेको संख्या ५९ जना आइसोलेसनमा बसेको संख्या  ११ जना
  - ✓ शान्ति जन आदर्श सेवा केन्द्रसंगको समन्वयमा आइसोलेसन सेन्टरलाई २० वटा बेड र ५० थान हाइजिन किट निशुल्कः खाजा खाना व्यवस्था गरिएको साथै यस नगरपालिकाबाट विभिन्न देश तथा

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय पनौती, काभ्रेपलान्चोक बागमती प्रदेश नेपाल २०७३

इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

कोभिड प्रभावित क्षेत्रबाट आउने नागरिकहरुका लागि निशुल्क यातायात क्वारेन्टाइन खाना खाजा तथा परीक्षणको व्यवस्था गरिएको

- ✓ वडा नं सैयाको आइसोलेसन संचालनमा ल्याइएको २५ को वडा कार्यालयमा ४ .
- ✓ होम आइसोलेसंमा बस्ने बिरामीहरुका लागि परामर्श उपचार आइसोलेसन किट र चिकित्सक सहितको स्वास्थ्यकर्मिको टोलीबाट उपचार तथा निशुल्क एम्बुलेन्स व्यवस्था गरिएको
- ✓ विभिन्न वटा संघ संस्थाबाट स्वास्थ्य सामाग्री र सहयोग प्राप्त भएको
- ✓ विपद ब्यबस्थापन समितिको बैठक ३ पटक १ बैठक संचालन CRRT पटक सम्पन्न भएको

- **बालबालिका तथा महिला तर्फ**

| क.स | विवरण | इकाई | उपलब्धि | कैफियत |
|---|---|---|---|---|
| १ | अभिभावक विहिन बालबालिकाको विवरण संकलन । | १ पटक | अभिभावक विहिन बालबालिकाहरुलाई आर्थिक सहयोग गर्न विवरण संकलन ।। (सहभागीहरु ७ जना) | |
| २ | ज्येष्ठ नागरिक परिचय पत्र वितरण | वटा | ज्येष्ठ नागरिकहरुको अधिकार प्राप्तीका लागि ज्येष्ठ नागरिक परिचय पत्र वितरण जम्मा १४ वटा महिला - ४ ,पुरुष -१० | |
| ३ | अपाङ्गता परिचय पत्र वितरण | महिनामा २ पटक | फरक क्षमता भएका व्यक्तिहरुको अधिकार प्राप्तीका लागि अपाङ्गता परिचय पत्र वितरण ।**जम्मा १० वटा** क वर्ग -.३ वटा, ख वर्ग- ५ वटा,ग वर्ग -१ वटा ,घ वर्ग - १ वटा | |
| ४ | आ.व.०७८/०७९ को प्रस्तावित कार्यक्रम तयारी | दिन | प्रस्तावित कार्यक्रम तयार गरी नगर सभामा पेशका लागि । | |
| ५ | कोशेली घर संचालनका लागि सुचना प्रकाशन | १ पटक | समुदायमा उत्पादन भएका कृषि तथा गैर कृषि सामाग्रीहरु कोशेली घरबाट बिक्रि वितरणमा सहयोग स्थापना। | |
| ६ | विउ पुजी परिचालनका लागि सुचना प्रकाशन | १ पटक | विउ पुजी परिचालन गरी विपन्न वर्गका महिलाहरुलाई आयआर्जनका माध्यमबाट रोजगारी श्रृजना । | |
| ७ | उद्यमशिल तालिम संचालन | १ पटक | व्यवसायीकता तर्फ अग्रसरता,व्यवसाय संचालनमा सहजता । ( सहभागीहरु १९ जना) | |
| ८ | अभिभावक विहिन बालबालिकाहरुलाई आर्थिक सहयोग प्रदान । | १ पटक | अभिभावक विहिन बालबालिकाहरुलाई आर्थिक सहयोग प्राप्त भई अध्ययनमा निरन्तरता हुने । (सहभागीहरु ४ जना) | |
| ९ | कोशेली घर संचालनका लागि संस्था छनौट गरि रकम निकासाको लागि सहयोग । | १ पटक | समुदायमा उत्पादन भएका कृषि तथा गैर कृषि सामाग्रीहरु कोशेली घरबाट बिक्रि वितरण गरी महिला दिदी बहिनीहरुले आयआर्जनमा सहयोग पुग्ने । | |
| १० | विउ पुजी परिचालनका लागि संस्था छनौट गरि रकम निकासाको लागि सहयोग । | १ पटक | संस्थाबाट विउ पुजी परिचालन हुदाँ विपन्न वर्गका महिलाहरुलाई आयआर्जनका माध्यमबाट रोजगारी श्रृजना गर्न सहजता र कम ब्याज दरमा ऋण प्राप्त । | |
| ११ | सि.बि आर कार्यक्रम अनुगमन | २ पटक | पनौती नगरपालिकाका ४,७ मा संचालन भएको सि.बि आर कार्यक्रम अनुगमन | |
| १२ | प्रदेश सुशासन केन्द्रबाट प्राप्त जेसि सम्बन्धी अभिमुखिकरण | १ पटक | कार्यपालिका सदस्य र शाखा प्रमुखहरुलाई जेसि सम्बन्धी जानकारी प्रदान गरेको । | |

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय पनौती, काभ्रेपलाञ्चोक बागमती प्रदेश नेपाल २०७२

इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| १३ | सेवा प्रदायक संस्थाले मेड्पा कार्यक्रम संचालन । | पटक | सेवा प्रदायक संस्थाले मेड्पा कार्यक्रम अन्तरगत बिभिन्न किसिमका सीप विकास तालिम संचालन ।<br>नयाँ उद्यमी श्रृजना ७० जना (डलकुशन, सिलाई कटाई , बुनाई, ब्यूटिपार्लर, पशु पालन, तरकारी खेती आदी )र<br>उद्यमीहरुको स्तर उन्नती ४० जना । (टोईटोजे, बजार बिस्तार, सिलाई कटाई, तरकारी खेती) | |
| १४ | सेवा प्रदायक संस्थाले संचालन गरेको मेड्पा कार्यक्रम अनुगमन | २ पटक | सेवा प्रदायक संस्थाले मेड्पा कार्यक्रम अन्तरगत संचालन गरेको सीप विकास तालिम अनुगमन गरी सहभागीहरुको अवस्था बुझी सल्लाह सुझाव प्रदान गरेको । | |

- <u>सहकारी तर्फ</u>

| क्र.स. | संस्था को नाम | ठेगाना | विवरण | बर्गिकरण | कैफियत |
|---|---|---|---|---|---|
| १. | जागृत कुशादेवी बचत तथा ऋण सहकारी संस्था लि. | पनौती २ | जागृत नारीचेतना बहुउद्देश्यीय र कुशादेवी बचत एकिकरण भएको | बचत तथा ऋण | एकिकरण |
| २. | आत्म निर्भर कृषि सहकारी संस्था लि. | पनौती ४ | नयाँ दर्ता | कृषि सहकारी | नयाँ |
| ३. | हातेमालो कृषि सहकारी संस्था लि. | पनौती ९ | नयाँ दर्ता | कृषि सहकारी | नयाँ |
| ४. | भावनात्मक बचत तथा ऋण सहकारी संस्था लि. | पनौती १० | विनियम संसोधन | बचत तथा ऋण | |
| ५. | जनमैत्री बचत तथा ऋण सहकारी संस्था लि. | पनौती १ | फुलचोकी, मनेदोभान, पन्चकन्या, निलकमल महिला एकीकरण भएको | बचत तथा ऋण | एकीकरण |
| ६. | पातिखोरिया कृषि सहकारी संस्था लि. | पनौती २ | विनियम संसोधन | कृषि सहकारी | |
| ७. | रुपान्तरण साना किसान कृषि सहकारी संस्था लि. | पनौती ८ | नयाँ दर्ता | कृषि सहकारी | नयाँ |
| ८. | सहयात्रा देवीस्थान बहुउद्देश्यीय सहकारी संस्था लि | पनौती ६ | विनियम प्रमाणीकरण | बहुउद्देश्यीय | |
| ९. | लक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि. | पनौती १० | विनियम संसोधन | बचत तथा ऋण | |

इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रेपलाञ्चोक बागमती प्रदेश नेपाल
२०७३

१०.यु.एम. बचत तथा ऋण सहकारी संस्था लि. बनेपा लाई पनौतीमा शाखा कार्यालय खोल्न को लागि सहमति प्रदान ।

- **कृषि तर्फ**

| सि.नं | कार्यक्रम | इकाई | लक्ष्य | सम्पन्न भएको प्रगती | लाभान्वति संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | उन्नत तोदे जातको अलैची विरुवा वितरण | पटक | १ | २,५०००० गोटा | १२० | |
| २ | प्लाष्टीक टनेल वितरण | सख्या | १२० | १२० | २४५ | |
| ३ | स्पेयर वितरण | सख्या | १५० | १५० | ४३० | |
| ४ | अमेरीकी फौजी किरा नियन्त्रण विषादी वितरण | परिवार | १००० | १००० | ४५०० | |
| ५ | फलफुल नर्सरी स्थापना | पटक | १ | १ | २००० | |
| ६ | ससर्त तर्फ पकेट प्याकेज कार्यक्रम | पटक | १ | १ | २०० | |
| ७ | माटो जाँच गर्न मिनिल्यव स्थापना ( ससर्त तर्फ) | पटक | १ | १ | ६५४ | |
| ८ | धान रोग किरा नियन्त्रण | पटक | आ.व | १ पटक | ७५० | |

- **पशुपंक्षी तर्फ**

| सि.नं | कार्यक्रम | इकाई | लक्ष्य | सम्पन्न भएको प्रगती | लाभान्वीत संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | दुधमा आत्मनिर्भर सुधार कार्यक्रम | | | | | |
| | सहकार्यमा चिलिङ भ्याट,मिल्क क्यान, एनालाइजार, डि.फ्रिज, वाल्टीन टान्सपोटेसन टयाङ्क वितरण । | पटक | १ | १ | ३००० लगभग | - |
| २ | जिविकोपार्जन आयआर्जन कार्यक्रम | पटक | | | | |
| | सहकार्यमा वाखा वोका वितरण | | १ | १ | १५० वटा बाखा | |
| ३ | सम्वृद्धिका लागी भैसी पालन कार्यक्रम<br>✓ भैसी सुत्केरी भत्ता वितरण (पहिलो वेतलाई ५०००। र अन्य वेतलाई रु.२०००। | पटक | ३ | ३ | ३४७ | |
| ४ | प्राविधिक पारीश्रमिक ( प्रतिगोटा रु.१५० ले ) | | १ | १ | ३४७ दर्ता गरिएको | |
| ५ | दिवस समारोह मनाउने | पटक | | | | |
| ६ | दुध मेला गरी विश्व दुध दिवस मनाउने | पटक | १ | १ | | - |
| ७ | उत्कृष्ट कृषक व्यवसायी र प्राविधिक सम्मान कार्यक्रम | पटक | १ | १ | | - |

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय पनौती, काभ्रेपलान्चोक बागमती प्रदेश नेपाल २०७२

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | यूवा लक्षित पशुपंक्षी पालन कार्यक्रम | | | | | |
| | गाई, भैसी, वाखा, वंगुर कुखुरा गोठ सुधार उन्नत गाई खरिद, यान्त्रीकरण घाँस खेती आदिमा सहकार्यमा वितरण | पटक | १ | १ | ७ जना | - |
| ९ | पशुपंक्षी विमा प्रिमियम अनुदान कार्यक्रम | पटक | २ | २ | ६८७६५ जना | |
| | सामुदायीक पशु विमा सुदृढीकरण कार्यकम अनुदान | पटक | १ | १ | ४४६७ जना | |
| १० | लैना गाई वितरण | पटक | | १ | ४० जना | |
| ११ | बहुवर्षे घाँसको वीउ वेर्ना वितरण | पटक | १ | १ | ४००० | |

- **सामाजिक बिकास शाखा**

१. पनौती नगरपालिका क्षेत्रमा जेष्ठ नागरिक, बिधवा महिला, दलित जेष्ठ, अपांगता भएका नागरिकहरु तथा दलित बालबालिका समेत लाई बितरण गर्नुपर्ने सामाजिक सुरक्षा भत्ताको पहिलो र दोश्रो किस्ता बितरण तथा फर्छ्यौट भई तेश्रो किस्ता (०७७ चैत्र देखि ०७८ आषाढको) को रकम बितरण भई फर्छ्यौटको प्रक्रियामा रहेको ।

२. ३५ बर्ष पुरा भएका अबिबाहित एकल तथा सम्बन्ध बिच्छेद भएका महिलालाई बितरण गर्नुपर्ने सामाजिक सुरक्षा भत्ताको पहिलो र दोश्रो किस्ता बितरण तथा फर्छ्यौट भई तेश्रो किस्ता (०७७ चैत्र देखि ०७८ आषाढको) को रकम बितरण भई फर्छ्यौटको प्रक्रियामा रहेको ।

३. नेपाल सरकारको नीति बमोजिम आगामी आ.ब. २०७८।०७९ बाट सामाजिक सुरक्षा भत्ता बैकिङ प्रणाली मार्फत बितरण गर्ने गरी वडा बिभाजन गरि ९ वटा बैंक संग सम्झौता गरिएको ।

**बालमैत्री स्थानीय शासन तर्फ**

१. बालमैत्री स्थानीय शासन अबलम्बनका भए पश्चात बालमैत्री अभियान सञ्चालन गरि २०७८ आषाढ ३० गते नेपालको आठौं, बागमती प्रदेशको चौथो तथा काभ्रेपलाञ्चोक जिल्लाको दोश्रो नगरपालिकाको रुपमा बालमैत्री नगर घोषणा गरिएको ।

## २. बालमैत्री अभियान अर्न्तगत सम्पन्न गरिएका कार्यहरु

### ❖ बालमैत्री स्थानीय शासन अबलम्बनका लागि गरिएका नितियत निर्णयहरु

| क्र. सं | बिवरण | नगर सभा | मिति |
|---|---|---|---|
| १ | आ.ब. ०७३।०७४ को बार्षिक बजेट नीति तथा कार्यक्रम | २० औ नगर परिषद | २०७२ पौष २७ |
| २ | आ.ब. ०७४।०७५को बार्षिक बजेट नीति तथा कार्यक्रम | २१ औ नगर परिषद | २०७३ पौष २२ |
| ३ | आ.ब. ०७४।०७५को बार्षिक बजेट नीति तथा कार्यक्रम | प्रथम नगर सभा | २०७४ आषाढ ३० |
| ४ | आ.ब. ०७५।०७६ को बार्षिक बजेट नीति तथा कार्यक्रम | तेश्रो नगर सभा | २०७५ आषाढ २७ र २८ |
| ५ | आ.ब. ०७६।०७७ को बार्षिक बजेट नीति तथा कार्यक्रम | पाँचौं नगर सभा | २०७६ आषाढ २३ र २४ |
| ६ | आ.ब. ०७७।०७८को बार्षिक बजेट नीति तथा कार्यक्रम | सातौं नगर सभा | २०७७ आषाढ १० र ११ |

क). आ.ब. ०७३।०७४ को बार्षिक बजेट नीति तथा कार्यक्रममा पनौती नगरपालिकामा बालमैत्री स्थानीय शासन पद्धती अबलम्बन गर्ने निर्णय गरिएको ।



वरिष्ठ प्रशासकीय अधिकृत

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय पनौती, काभ्रेपलाञ्चोक बागमती प्रदेश नेपाल २०७३

ख. आ.ब. ०७४।०७५ को बार्षिक बजेट नीति तथा कार्यक्रममा पनौती नगरपालिकामा बालमैत्री स्थानीय शासन पद्धती निरन्तरताको निर्णय गरिएको ।

ग. जनप्रतिनिधी ज्यूहरुको आगमन पश्चात आ.ब. ०७४।०७५ को बार्षिक बजेट नीति तथा कार्यक्रम पहिलो नगर सभा बाट बालमैत्री स्थानीय शासन अबलम्बन गर्ने सम्बन्धमा बिगतमा भएको निर्णय र अभ्यासलाई निरन्तरता दिंदै बालमैत्री स्थानीय शासन पद्धती स्थापित हुनका लागि आवश्यक सुचक र सुचकका आधारमा तयार भएको पूर्बाधार लाई आधार मानि क्षेत्रगत रुपमा (वडागत) बालमैत्री वडा घोषणा कार्य अघि बढाउने निर्णय भएको ।

घ. आ.ब. ०७५।०७६ को बार्षिक बजेट नीति तथा कार्यक्रममा बालमैत्री स्थानीय शासन पद्धती अबलम्बन निरन्तरताको निर्णय ।

ङ. आ.ब. ०७६।०७७ को बार्षिक बजेट नीति तथा कार्यक्रममा बालमैत्री स्थानीय शासन पद्धती अबलम्बन निरन्तरताको निर्णय ।

च. आ.ब. ०७७।०७८ को बार्षिक बजेट नीति तथा कार्यक्रम, सातौं नगर सभा सामाजिक बिकास सम्बन्धी नीतिगत ब्यबस्थामा निरन्तरताको निर्णय ।

**बालमैत्री अबलम्बनको अवस्था**

बालमैत्री स्थानीय शासन अबलम्बन तथा घोषणाको सामुहिक प्रतिबद्धता मिति २०७४ पौष २५

**अबलम्बन तथा घोषणा पछी गरिएका मुख्य कार्यहरु**

क) बालमैत्री अबधारणा सघन रुपमा सञ्चालनका लागि प्रत्येक वडामा १/ १ जना बालमैत्री सहजकर्ता भर्ना गरि परिचालन गरेको ।

**पहिलो चरण**

क) वडा नं. १, २, ३ र १२ का बालबालिकाका लागि घरधुरी सर्बेक्षण गरि बाल बस्तुगत बिवरण तयारी ।
ख)) बडास्तरीय बालमैत्री स्थानीय शासन नीतिगत अबलम्बन तथा घोषणा अभिमुखिकरण सम्पन्न ।
ग)) यि ४ वडाको बालबालिकाहरुका लागि त्रिबर्षिय आबधिक लगानी योजना निर्माण तथा कार्यान्वयन ।
घ) कार्यान्वयनको चरणमा यि ४ वटा वडाहरुको ३९ वटा सूचक र २८ वटा खुडकिला पुरा गर्नका लागि बिभिन्न क्रियाकलापहरु सम्पन्न ।
ङ) यि ४ वटा वडा घोषणाको अन्तिम चरणका स्थिति पत्र,दिगोपनाका लागि रणनीतिक योजना तथा अन्तिा प्रतिबेदन सहित जि.स.स बाट अनुमति लिई घोषणा गरियो ।

| वडा नं बालमैत्री | वडा घोषणा मिति |
|---|---|
| १२ | **०७५ श्रावण २१ गते** |
| २ र ३ | **०७६ असार १४** |
| १ | **२०७६ माघ २५** |

**च) घोषित यि ४ वटा वडाहरूको घोषणा निरन्तरताको लागि बार्षिक बिनियोजन र बालमैत्री सहजकर्ता परिचाल गरिएको ।**

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय पनौती, काभ्रेपलान्चोक बागमती प्रदेश २०७२

...प्रसाद अधिकारी
बरिष्ठ प्रशासकीय अधिकृत

**दोश्रो चरण**

उक्त घोषित ४ वटा वडामा घोषणा पश्चात अनुगमन समिक्षा मुल्यांकन गर्दा बालमैत्री स्थानीय शासन बअधारणाले समाज रुपान्तरणमा दिगो टेवा दिएको नगरले महशुस गरि बाँकी ८ वटा वडामा समेत सघन रुपले बालमैत्री अभियान सञ्चालन गरिएको ।

क) सम्पुर्ण वडाको बाल बस्तुगत बिवरण तयार गरि नगर स्तरिय एकिकृत बाल बस्तुगत बिवरण तयार भई सो को अवस्थाको आधारमा वडाहरुको बालबालिकाहरुको लागि आबधिक लगानी योजना निर्माण गरिएको ।

ख)कार्ययोजना अनुसार अनुसार ठिक तरिकाले कार्यान्वयन गर्दा निश्रिचत बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति २०६८,कार्यान्वयन कार्यान्वयन कार्यबिधी २०६८,तथा घोषणा कार्यबिधी २०७० र स्थानीय सरकार सञ्चालन ऐन २०७४, को परिच्छेद ३ दफा १२ को ग अनुसार सिङ्गो पनौती पनौती नगरपालिका लाई बालमैत्री घोषणा तथा निरन्तरता गरेमा सामाजिक बिकासको मुल वातावरण बन्ने थप महशुस भई नगर स्तरीय एकिकृत कागजात ब्यबस्थापन तथा प्रतिबेदन अनुगमन सूचक प्रमाणितको आधारमा पनौती नगरपालिकालाई बालमैत्री नगर घोषणाको अन्तिम अवस्थामा आईपुगेको

**केहि तथ्याङ्किय बिवरणहरु**

कुल घरधुरी संख्या : १२०९५
कुल जनसंख्या : ५८३४३ महिला २८३७९: पुरुषः २९९६४
बालबालिकाको संख्याः १६५१०
बालमैत्री स्थानीय शमसन संग सम्बन्धित संरचनाहरु
– CFLG नगर समिति - १
- CFLG वडा समिति - १
नगर बाल अधिकार समिति -१
वडा बाल अधिकार समितिहरु- १२ -१, बालक - ११९ बालिका - १३९ जम्मा - २५८
नगर बाल समुह सञ्जाल - १, बालक - ५ बालिका- ८ जम्मा - १३
वडा बाल समु सञ्जालहरु - १, बालक - ११९ बालिका - १३९ जम्मा - २५८
नगर स्तरीय कार्ययोजना कार्यान्वयन कार्यदलहरु
वडा स्तरीय कार्ययोजना कार्यान्वयन कार्यदलहरु
जम्मा बाल समुहहरुको संख्या : १६४
बाल समुहमा आबद्ध बालबालिका
बालक १८६७ बालिका १९९९ जम्मा ३८६६
बिभिन्न समितिमा प्रतिनिधित्व गर्ने बालबालिका
बालक ९० बालिका ९१ जम्मा १८१

- उक्त कार्यहरु सम्पन्न गरि नगरपालिका बाट शाखागत अनुगमन गरिएको ।
- शाखागत अनुगमन पश्चात जिल्ला समन्वय समितिबाट अनुगमन गरि अनुमती प्राप्त गरिएको ।

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय

इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

- ❖ नगर घोषणाका लागि अन्तिम चरणाको कागजात, प्रकृयाका लागि वडागत अन्तिम प्रतिवेदन, स्थितीपत्र,रणनीतिक योजना, बालसंरक्षण कार्ययोजना, बालकोष संचालन कार्यविधि, बालसमूहको विधान, ५ ओटा क्षेत्रगत सूचक प्रमाणित ४० ओटा विवरण पत्र,, घोषणा सभामा सुनाउने प्रतिवेदन तयार गरि भब्य कार्यक्रमका बिच बालमैत्री नगर घोषणा गरिएको
- ❖ उक्त कार्यहरु सम्पन्न गरि नगरपालिका बाट शाखागत अनुगमन गरिएको ।

- शिक्षा तर्फ

- ❖ शिक्षक दरवन्दी मिलान तथा व्यवस्थापन कार्य अन्तर्गत ७ वटा रिक्त दरवन्दी तथा नगरपालिकावाट स्वेच्छिक अवकास लिन चाहने शिक्षकलाई प्रोत्साहन रकमको व्यवस्था गरी १५ जना शिक्षकको राजीनामा सहित २२ वटा शिक्षक दरवन्दी मिलान ।
- ❖ नमुना विद्यालय विकास कार्यकम अन्तर्गत श्री भालेश्वर माध्यमिक विद्यालय पनौती ८ मल्पीको सुविधा सम्पन्न विद्यालय निर्माणका लागि जग्गा व्यवस्थापन गरी ३६ कोठे भवन र १ प्रशासनिक भवन निर्माण कार्य अघि वढिरहेको ।
- ❖ १३ औं राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता नगरस्तरमा सम्पन्न गरी जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा पनौती नगरले प्रथम स्थान हासिल गर्न सफल भएको ।
- ❖ सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई सहज रुपमा आवतजावतको व्यवस्था मिलाउन स्कूल वस संचालन गरेका विद्यालयहरुलाई प्रोत्साहन अनुदानको व्यवस्था गरी विद्यालयहरुमा वालवालिकाको सहज पहुँच सुनिश्चितता गरिएको ।
- ❖ स्थानीय पाठ्यक्रम निर्माण गरी गुणस्तरीय, व्यवहारिक शिक्षा प्रदान गर्न प्रकिया थालनी गरिएको ।
- ❖ कोभिडका कारण समस्यामा परेका विद्यार्थी तथा समुदायमा स्वास्थ्य सामग्री, खाद्य सामग्री तथा सेनिटरी किटको व्यवस्था गरी वितरण
- ❖ कोभिड - १९ का कारण प्रभावित रहेको शिक्षण सिकाई प्रकियालाई व्यवस्थित वनाउन विद्यालयको अनुकुलता वमोजिम वैकल्पिक माध्ययमवाट शिक्षण सिकाई कियाकलाप लाई सहजीकरण गरिएको ।
- ❖ मासिकरुपमा प्रधानाध्यापक वैठक सम्पन्न ।
- ❖ आधारभूत तह कक्षा ८ को नगरस्तरीय परीक्षा सन्चालन गरी सो को नतिजा प्रकाशन गर्नुका साथै मार्कलेजर वितरण कार्य सम्पन्न ।
- ❖ विद्यालय अनुगमन तथा निरीक्षण तथा आवश्यक पृष्ठपोषण प्रदान ।
- ❖ संस्थागत विद्यालयका प्रिन्सिपलहरुको वैठक त्रैमासिक रुपमा सम्पन्न ।
- ❖ शैक्षिक सत्र २०७७ को त्रैमासिक लगायत वार्षिक परीक्षा सम्पन्न र सोको अनुगमन ।
- ❖ विभिन्न विषयगत समिति (नगर शिक्षा समिति, सामाजिक विकास समिति, परीक्षा समिति) हरुको आवश्यकता अनुसार वैठक सम्पन्न ।
- ❖ विद्यालयहरुलाई आई.सि.टि., विज्ञान प्रयोगशाला, पुस्तकालयको लागि अनुदान वितरण ।
- ❖ सामुदायिक क्याम्पस साथै नमुना विद्यालय सन्चालन अनुदान वितरण ।
- ❖ नेपाल सरकारको स्वीकृत विद्यार्थी दिवा खाजा कार्यकमलाई कार्यान्वयन गरिएको ।
- ❖ विद्यालयगत रुपमा पापु, छात्रवृति, तलवभत्ता विद्यालय सन्चालन अनुदान, शिक्षकले कक्षाकोठामा विताउने समयावधि सुधार अनुदान, सामाजिक परीक्षण, शिक्षण सुधार योजना निर्माण, सि यु जि सिम, स्वास्थ्य सुरक्षा सामग्री, इन्टरनेट जडान साथै निजी स्रोतका शिक्षकका लागि पोशाक लगायतका निकासा

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय पनौती, काभ्रेपलान्चोक बागमती प्रदेश २०७३

वरिष्ठ प्रशासकीय अधिकृत

- ❖ सामुदायिक विद्यालयका शिक्षकको शैक्षिक सत्र २०७८ का लागि तलवी प्रतिवेदन पारित ।
- ❖ प्राविधिक ग्रेड छुट रकम एकमुष्ठ निकासा
- ❖ कार्यक्रमको प्रगति प्रतिवेदन साथै सिथित पत्र तयार गरी तालुक निकायमा सम्प्रेषण

- **<u>नक्सा</u>**

| २०७८ वैशाख देखी आषाढ मसान्त सम्म | | | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स. | वार्ड नं | दर्ता | अस्थायी | स्थायी (गत वर्ष अस्थायी भएका समेत) | सम्पन्न | अभिलेखिकरण |
| १ | १ | ५ | १ | १ | ० | |
| २ | २ | ४ | ० | ० | ० | |
| ३ | ३ | २ | ४ | ० | १ | |
| ४ | ४ | १० | ८ | ८ | ४ | |
| ५ | ५ | ३ | ९ | ५ | ० | |
| ६ | ६ | ७ | ४ | १ | ० | |
| ७ | ७ | २ | ४ | १ | ० | |
| ८ | ८ | ३ | ७ | २ | १ | |
| ९ | ९ | ७ | २ | ३ | ० | |
| १० | १० | ३ | ५ | ४ | २ | |
| ११ | ११ | २ | १ | ३ | १ | |
| १२ | १२ | ५ | १ | २ | १ | |
| जम्मा | | ५३ | ४६ | ३० | १० | |

- **<u>योजना तर्फ :</u>**
  - ❖ सम्झौता भएको योजना संख्या - ४८ वटा
  - ❖ सम्पन्न योजना संख्या - १२५ वटा

इन्द्रप्रसाद अधिकारी
प्रशासकीय अधिकृत

- **न्यायिक समिति तर्फ :**

| सि.नं. | विवादित विषय | न्यायिक समितिवाट सम्पादित | | | कैफियत |
|---|---|---|---|---|---|
| | | परेको निवेदन | फछ्यौंट | बाँकी | |
| १. | न्याय पाँउ | १ | ० | १ | |
| २. | घरायसी विवाद | ३ | १ | २ | |
| ३. | लेनदेन | १ | १ | ० | |
| ४. | बाटो विवाद | १ | ० | १ | |
| ५. | पानीको निकास | १ | ० | १ | |
| ६. | जग्गा रोक्का | १ | ० | १ | |
| | जम्मा | ८ | २ | ६ | |

- **सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सुदृढिकरण कार्यन्वयन सेवा ईकाई तर्फ :**
  - ❖ व्यक्तिगत घटना दर्ता किताब डिजिटाईजेसन सम्पन्न गरि प्रमाणिकरण कार्य भैरहेको
  - ❖ जनप्रतिनिधि सहित प्रमुख प्रशासकीय अधिकृत स्थानीय पन्जिकाधिकारी सम्बन्धीत शाखा र सरोकारवाला व्यक्तिहरु सहित वडा र डिजिटाईजेसन कार्यमा अनुगमन निरिक्षण र आवश्यक पृष्ठपोषण
  - ❖ सामाजिक सुरक्षा बैंकिंग प्रणाली मार्फत सुचारु गर्ने सम्बन्धीत बैंकहरुसंग सम्झौता
  - ❖ बैंकका प्रवन्धक तथा आवश्यक कर्मचारीहरुलाई अभिमुखीकरण
  - ❖ घटना दर्ता अभियान सफलतापुर्वक सम्पन्न

| वडा नं. | जन्म | | | मृत्यु | | | सम्बन्ध बिच्छेद | विवाह | बसाई सरी आएको | | बसाई सरी जाने | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | महिला | जम्मा | पुरूष | महिला | जम्मा | जम्मा | जम्मा | दर्ता संख्या | सदस्यको संख्या | दर्ता संख्या | सदस्यको संख्या | |
| १ | ४० | ४३ | ८३ | २५ | २५ | ५० | २ | ३० | | | ४ | २० | १६९ |
| २ | ४८ | ५६ | १०४ | २३ | १६ | ३९ | ६ | ५३ | | | २ | ६ | २०४ |
| ३ | ५६ | ५४ | ११० | २१ | २७ | ४८ | ३ | ३९ | १ | ३ | २ | ११ | २०३ |
| ४ | ३४९ | ३१३ | ६६२ | २३२ | २१७ | ४४९ | ७ | ६३० | १२९ | ५५५ | ४१ | १३५ | १९१८ |
| ५ | २८० | २४६ | ५२६ | ४६ | ३० | ७६ | | ९३ | ६ | ३० | ९ | २४ | ७१० |
| ६ | १४७ | ११२ | २५९ | १६ | ८ | २४ | २ | २३ | ३ | १६ | | | ३११ |
| ७ | २२१ | १८५ | ४०६ | ११ | १५ | २६ | ३ | २० | १ | ४ | २ | ४ | ४५८ |
| ८ | १९५ | १६८ | ३६३ | २३ | २५ | ४८ | ४ | ३५ | १० | ३२ | ३ | १३ | ४६३ |
| ९ | २५९ | २३० | ४८९ | ३६ | ३६ | ७२ | २ | ८३ | १३ | ५४ | २ | ७ | ६६१ |
| १० | २९२ | २७४ | ५६६ | ७३ | ५५ | १२८ | ६ | १२२ | १९ | ७७ | ५ | १४ | ८४६ |
| ११ | ८३ | ९० | १७३ | ३६ | २७ | ६३ | ५ | ७६ | | | ६ | १६ | ३२३ |
| १२ | १०२ | ७९ | १८१ | ५३ | ४७ | १०० | ५ | ७७ | १ | १ | ८ | २९ | ३७२ |
| जम्मा | २०७२ | १८५० | ३९२२ | ५९५ | ५२८ | ११२३ | ४५ | १२८१ | १८३ | ७७२ | ८४ | २७९ | ६६३८ |

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय पनौती, काभ्रेपलाञ्चोक बागमती प्रदेश नेपाल

...प्रसाद अधिकारी
...प्रशासकीय अधिकृत

१०.सूचना अधिकारी र प्रमुखको नाम र पद

- प्रमुख : रामप्रसाद वाग्ले - प्रमुख प्रशासकीय अधिकृत
- सूचना अधिकारी : इन्द्र प्रसाद अधिकारी - वरिष्ठ प्रशासकीय अधिकृत

११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची

- सम्बत २०७४ सालको मापदण्ड न. १
- सम्बत २०७४ सालको मापदण्ड न. २
- पनौती नगरपालिकाको अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वायन गर्न बनेको आर्थिक ऐन, २०७४
- पनौती नगरपालिकाको आर्थिक ऐन, २०७५
- पनौती नगरपालिकाको विनियोजन ऐन,२०७५
- नगर कार्यपालिकाको बैठक संचालन सम्बन्धि कार्यविधि,२०७४
- नगर कार्यपालिकाको ज्येष्ठ नागरिक परिचय-पत्र वितरण गर्न बनेको ज्येष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका,२०७४
- नगरकार्यपालिकाको कार्यलाई विभाजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको नगरकार्यपालिका कार्य विभाजन नियमावली,२०७४
- नगर सभा संचालन सम्बन्धि कार्यविधि,२०७४
- नगर कार्यपालिकाको निर्णय वा आदेश र अधिकारपत्रको प्रमाणीकरण(कार्यविधि) सम्बन्धमा व्यवस्था गर्न बनेको नियमावली,२०७४
- नगरपालिकाको योजना तथा बजेट तर्जुमा दिग्दर्शन,२०७४
- स्थानीय राजपत्र प्रकाशन सम्बन्धि कार्यविधि,२०७५
- पनौती न.पा को आर्थिक कार्यविधि नियमित तथा व्यवस्थित गर्न बनेको कानुन,२०७४
- पनौती न.पा बाट कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धि व्यवस्था गर्न बनेको ऐन
- पनौती न.पा को कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन
- पनौती नगरपालिका स्थानीय शिक्षा ऐन २०७४
- पनौती न.पा को सहकारी ऐन,२०७४
- पनौती नगर कार्यपालिका(कार्यसम्पादन) नियमावली,२०७५
- एफ.एम रेडियो(व्यवस्थापन तथा संचालन)कार्यविधि,२०७५
- 'घ' वर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धि कार्यविधि,२०७५
- न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन
- नगर शिक्षा समिति कार्यविधि,२०७५
- टोल विकास संस्थाको कामलाई व्यवस्थित गर्न बनेको कार्यविधि,२०७५
- सुशासन प्रवर्धन रणनैतिक योजना , २०७५
- नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि,०७५

पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय पनौती, काभ्रेपलाञ्चोक बागमती प्रदेश नेपाल २०७३

इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

- अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५
- नगर विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन , २०७५
- सार्वजनिक सडकमा परेको नीजि जगाको लगतकट्टा कार्यविधि, २०७६
- बिउपूँजी परिचालन कार्यविधि, २०७६
- अटो रिक्सा संचालन तथा व्यवस्थापन कार्यविधि २०७६
- नगर प्रहरी संचालन तथा व्यवस्थापन कार्यविधि,२०७६
- जग्गा विकाश निर्देशिका
- पनौती नगरपालिकाको जग्गा विकास निर्देशिका २०७६
- सार्वजनिक सडकमा परेको नीजि जगाको लगतकट्टा कार्यविधि, २०७६
- होमस्टे (घरबास) संचालन कार्यविधि २०७६
- जलश्रोत उपयोग नियमावली,२०७६
- विनियौजन विधेयक २०७७
- आर्थिक ऐन २०७७
- समुदायमा आधारित पुनर्स्थापना कार्यक्रम (संचालन) कार्यविधि २०७७
- लैंगिक हिंसा निवारण कोष (संचालन) कार्यविधि २०७७
- सहकारी संस्थाहरुको साधारण सभा संचालन सम्बन्धि विशेष व्यवस्था, २०७७
- सहकारी नीति २०७७
- सहकारी संस्थाहरुको साधारण सभा संचालन सम्बन्धि विशेष व्यवस्था २०७७
- पनौती सम्रक्षित स्मारक क्षेत्रमा रहेका पुराना शैलीका निजि भवनहरुको सम्रक्षण तथा बाहिरी आवरण सम्पदामैत्री बनाउने सम्बन्धी प्रोत्साहन मापदण्ड,२०७७
- विद्यालय शिक्षा संचालन,व्यवस्थापन तथा नियमन सम्बन्धि कार्यविधि,२०७७
- अपाङ्गता,ज्येष्ठ नागरिक र महिलाहरुका लागि सुरक्षात्मक कोष स्थापन कार्यविधि, २०७७
- बाल विवाह विरुद्दको अभियान कार्यक्रम) संचालन (कार्यविधि, २०७७
- कोशेली घर स्थापना तथा संचालन कार्यविधि, २०७७
- भवन निर्माण २०७७ ) मिति २०७७/१०/२५ मा दोस्रो संसोधन स्वीकृत भएको(
- सम्बत २०७४ सालको मापदण्ड न .२ )मिति २०७७/१०/२५ मा दोस्रो संसोधन स्वीकृत भएको(
- मानव अधिकार परिषद् ऐन २०७७
- नगर युवा तथा खेलकुद परिषद् ऐन २०७७
- खानी तथा खनिज पदार्थ सम्बन्धी व्यवस्था गर्न बनेको ऐन २०७७
- वातावरण तथा प्राकृतिक श्रोतको संरक्षण सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन २०७७
- पनौती नगरपालिका क्षेत्र भित्रका बन व्यवस्थापन गर्ने सम्बन्धमा बनेको बन ऐन २०७७
- पनौती नगरपालिकाको गुनासो व्यवस्थापन कार्यविधि,२०७८
- विनियौजन ऐन २०७८
- आर्थिक ऐन २०७८

**१२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण**



पनौती नगरपालिका नगर कार्यपालिकाको कार्यालय पनौती, काभ्रेपलाञ्चोक बागमती प्रदेश नेपाल २०७३

प्रशासकीय अधिकृत

- प्रत्येक वडाले आम्दानी र खर्चको मासिक विवरण वडाको सूचनापाटीमा टास्ने गरेको र सोको विवरण न.पा मा समेत पठाउने गरेको
- बार्षिक रुपमा प्रकाशन गर्ने गरेको
- आन्तरिक लेखा परिक्षकको व्यवस्था रहेको
- बार्षिक लेखा परिक्षण गर्ने गरेको
- मासिक रुपमा आय व्यय विवरण सार्वजनिक गर्ने गरेको

**१३. तोकिए बमोजिमका अन्य विवरण**

- पत्रकार तथा सरोकारवाला निकायले माग गरे बमोजिम अन्य सूचनाहरु समेत उपलब्ध गराउने गरेको

**१४.अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालनगरेको भए सोको विवरण**

- गत आ.व. मा नगर सभाले स्वीकृत गरेको अधिकांस योजना तथा कार्यक्रमहरु सम्पन्न भएका र तत् सम्बन्धि कार्यक्रम Website मा विस्तृत रुपमा राखिएको जसमध्ये अधिकांश सडक निर्माण योजना रहेको ।

**१५. सार्वजनिक निकायको वेभसाईट भए सोको विवरण**

- www.panautimun.gov.np

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता र ऋण, अनुदान एवम् प्राविधिक सहयोग वा सम्झौता सम्बन्धी विवरण**

- -

**१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन**

- सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम Website मा विस्तृत रुपमा राख्ने गरेको (बुंदा नं. १४ अनुसार नै)

**१८.सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**

- -

**१९. सार्वजनिक निकायमा परेको सूचना माग सम्बन्धी निवेदन र सो उपर सूचना दिइएको विषय**

- लिखित रुपमा २ वटा निवेदन परेको र सोको समयमै फछ्यौंट गरिएको

**२०.सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सोको विवरण**

- नगरबासी संग सम्बन्धित सूचना पत्र-पत्रिका,रेडियो,Website,Facebook Page,Twitter,Youtube,हाते पर्चा,सार्वजनिक स्थलमा टाँस गरि सूचना प्रदान गर्ने गरेको

इन्द्रप्रसाद अधिकारी
वरिष्ठ प्रशासकीय अधिकृत

पनौती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
पनौती, काभ्रेपलाञ्चोक बागमती प्रदेश
२०७३